नेपाल सरकार

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४७७
फ्याक्स : ९७७-१-४२११८७७
E-mail :info@mole.gov.np
Website :moless.gov.np

PMEP/8C/११६

मितिः– २०७५/१२/२७

विषयः– प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयन सम्बन्धमा।

श्री सामाजिक विकास मन्त्रालय,
प्रदेश नं. १, २, ३, गण्डकी, ५, कर्णाली र सुदूरपश्चिम ।
(मार्फत, प्रादेशिक समन्वय तथा योजना महाशाखा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय),
सिंहदरवार, काठमाण्डौ।

प्रस्तुत विषयमा यस आर्थिक वर्ष २०७५/७६ देखि यस मन्त्रालय मार्फत प्रदेश सरकार र स्थानीय तहहरुको सहकार्यमा आन्तरिक रोजगारी श्रृजना र व्यवस्थापन गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम आरम्भ गरिएको व्यहोरा बिदितै छ। प्रस्तुत कार्यक्रम रोजगारीको हक सम्वन्धी ऐन, २०७५, रोजगारीको हक सम्वन्धी नियमावली, २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ बाट निर्देशित भई सञ्चालन भईरहेको व्यहोरा जानकारीका लागि अनुरोध छ।

उल्लिखित नियमावलीको नियम ११ मा प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रदेश निर्देशक समितिको अध्यक्ष तहाँ मन्त्रालयका माननीय मन्त्री/राज्यमन्त्री हुने र सो समितिको सचिवालय तहाँ मन्त्रालयमा रहने व्यवस्था रहेको र उल्लिखित निर्देशिकाको दफा ४९ ले तहाँ मन्त्रालयका योजना/कार्यक्रम हेर्ने महाशाखाका प्रमुख प्रदेश रोजगार संयोजकको रुपमा रहने व्यवस्था गरेको हुँदा उक्त व्यवस्थाको कार्यान्वयन गर्नु गराउनु हुन मा. मन्त्रीस्तरको मिति २०७५।१२।२७ गतेको निर्णयानुसार अनुरोध छ।

पुनश्चः रोजगारीको हक सम्वन्धी ऐन, २०७५, रोजगारीको हक सम्वन्धी नियमावली, २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ यस कार्यक्रमको वेभसाइट www.pmep.gov.np को Archive खण्डमा उपलब्ध रहेको व्यहोरा समेत अनुरोध छ।

डा. लोकनाथ भुसाल
उपसचिव